# बान्नीगढी जयगढ गाउँपालिका
# गाउँसभाको सोह्रौं अधिवेशनमा

## गाउँपालिका उपाध्यक्ष
## श्री बिन्दु रावल ज्यूले
## प्रस्तुत गर्नुभएको

## आ. व. २०८३/८४ को
## बजेट वक्तव्य


बान्नीगढी जयगढ गाउँपालिका

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल


२०८३ साल असार १९ गते, शुक्रबार

**<u>यस गरिमामय गाउँसभाका सभाध्यक्ष महोदय, उपस्थित गाउँसभाका सदस्यज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यू, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी एंव पत्रकार ज्यू तथा उपस्थित सम्पूर्ण महानुभावहरु</u>**

१. यस बान्नीगढी जयगढ गाउँसभाको सोह्रौं अधिवेशनको गरिमामय सभामा गाउँपालिकाको उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम पेश गर्न पाउदा गौरवान्वित भएको छु र बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु।

२. लोकतन्त्रको स्थापना, मुलुकको समृद्ध र अग्रगमनको लागि ईतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन र बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नुहुने बलदेव शाह (बाकाविर), डण्डी स्वामी, गुरु धर्मान्नद उपाध्याय, नर बहादुर स्वार लगायत सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै राजनीतिक आन्दोलनका क्रममा घाइते तथा बेपत्ता योद्धाहरु प्रति उच्चसम्मान प्रकट गर्दै सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुर्याएको योगदानलाई स्मरण गर्न चाहन्छु।

३. आगामी बजेट गाउँपालिकाको विकास, समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । "समृद्धिको आधारः बान्नीगढी सरकार" भन्ने मूल मान्यतालाई आत्मसाथ गर्दै बेरोजगारी तथा गरिवी न्युनीकरणमा प्रत्यक्ष योगदान पुर्याउने, कृषि र पशुपालनमा नागरिकलाई आत्मनिर्भर बनाउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने र भाषिक सांस्कृतिक पक्षको जगेर्ना तथा शैक्षिक सुधार तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

४. बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, तहगत सरकारका आवधिक योजना, दिगो विकास लक्ष्य, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति, कार्यक्रम तथा प्राथमितकताहरु, महालेखा परीक्षकको बार्षिक प्रतिवेदनबाट प्राप्त सुझावहरु, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७८, विकासका अन्तर सम्बन्धित विषयहरू र नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरू, हालसम्म प्राप्त उपलब्धि तथा अनुभवका साथै विभिन्न राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, गैर सरकारी संस्थाका साझेदार मित्रहरु लगायत सरोकारवाला पक्षहरुको महत्वपूर्ण सुझावलाई मार्ग दर्शनको रुपमा लिएको छु ।

**<u>सभाअध्यक्ष महोदय,</u>**

**अब म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समिक्षा संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।**

१. चालु आर्थिक वर्षमा कुल आय अनुमान ३७ करोड ६२ लाख ५६ हजार ३१ रुपैया रहेकोमा हालसम्म प्राप्त ३४ करोड ४ लाख २६ हजार ६ सय ८४ रुपैया र १० पैसा पछिल्लो संसोधित आय अनुमान रहेको छ । जसमध्ये चालु आ.व.मा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा राजश्व बाडँफाँडबाट प्राप्त हुने अनुदानमा कटौती भएको हुँदा अनुमानित आयमा संकुचन आई हालसम्म कुल अनुमानित आयको ९०.४७ प्रतिशत मात्र प्राप्त हुन आएको छ ।

२. गाउँसभाबाट चालु आर्थिक बर्षमा चालुतर्फ  २८ करोड ५८ लाख ७ हजार ९ सय ७ रुपैया र पुँजिगत तर्फ ९ करोड ४ लाख ४८ हजार १ सय २४ रुपैया खर्च अनुमान रहेको थियो । जसमध्ये चालु आ.व.को असार १८ गते सम्म कुल चालु खर्च रकम रु. २१ करोड ९० लाख ८५ हजार ७५ रुपैया र ८२ पैसा अर्थात (७६.६५ प्रतिशत) र पुँजिगत खर्च रकम रु २ करोड २४ लाख ९९ हजार ९ सय ७२ रुपैया अर्थात (२४.८८ प्रतिशत) गरी खर्च रकम रु. २४ करोड १५ लाख ८५ हजार ४७ रुपैया र ८२ पैसा अर्थात कुल खर्च प्रतिशत ६४.२० प्रतिशत भएको छ ।

३. गाउँपालिकामा पूर्ण रुपमा विद्युतीय भुक्तानी प्रणाली लागु गरी कार्यालयमा सेवाग्राहीको भिडभाड न्यूनीकरण, अन्तर बैक भुक्तानीमा सहजताका साथै सेवाग्राहीलाई बैंकिङ् सेवामा आवद्ध गर्न सहज भएको छ । साथै राजश्व प्रणालीलाई समेत विद्युतीय माध्यमबाट राजश्व संकलन गर्ने कार्यलाई वडा तहमा क्रमशः विस्तार गरिएको छ । आगामी आ.व. मा राजश्व संकलन कार्यलाई थप व्यवस्थित गरिनेछ ।

४. न्यायिक समितिका काम, कर्तव्य र अधिकारका क्षेत्रका बारेमा न्यायीक प्रक्रियाको विषयमा आम नागरिकलाई सुसूचित तथा सचेतिकरण गर्न कानुनी सचेतना, कानुनी साक्षरता तथा मेलमिलापका कार्यक्रम सञ्चालन गरिनेछ ।

५. स्थानीय कला संस्कृति, धार्मिक विषयवस्तु, स्थानीय भेषभुषा समेटेर स्थानीय पाठयपुस्तक छपाई गरी शिक्षण सिकाई सुरुवात भएको छ र आगामी आ.व.मा निरन्तरता दिइनेछ ।

६. समुदाय स्तरमै बालबालिकाको पोषणको स्थिती लेखाजोखा तथा पोषण मैत्री वडा घोषणा कार्यक्रमलाई निरन्तरता दिइएको छ । साथै पूर्ण खोप गाउँपालिका अभियानलाई निरन्तरता दिइनेछ र पोषणमैत्री गाउँपालिका निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

७. कृषकहरुको क्षमता विकासका लागि व्यवसायिक कृषक तालिम कार्यक्रम र अन्तरजिल्ला कृषि भ्रमण कार्यक्रम सञ्चालन गरिएको छ।
८. गाउँपालिकाको मुल प्रशासकीय भवन निर्माणको कार्य सम्पन्न भएको छ। गाउँपालिका स्तरीय गौरवको आयोजना जयगढ खालगडा छातासैन बृहत खानेपानी आयोजना निर्माण सम्पन्न गरी सम्बन्धित लाभग्राही उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको छ।
९. धार्मिक तथा सास्कृतिक महत्व बोकेको जयगढ बीच बजारमा सरस्वती मन्दिर निर्माण कार्यलाई निरन्तरता दिइएको छ।
१०. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानीय जनताको प्रत्यक्ष सहभागितामा टोल-टोलमा विभिन्न कार्यक्रम भएका छन् ।

**<u>सभाअध्यक्ष महोदय</u>**

अब म बजेट प्रणालीमा देखिएका मुख्य चुनौती प्रस्तुत गर्ने अनुमति चाहन्छु।

११. समाजमा विद्यमान गरिबी, बेरोजगारी, अशिक्षा, सामाजिक कुप्रथा जस्ता सामाजिक तथा साँस्कृतिक अन्धविश्वासका कारण समयानुकुल पालिकाबासी आम नागरिकको समग्र विकास तथा आवश्यकता पूरा गर्नु।
१२. सिमित स्रोत साधनबाट नागरिकका असिमित आवश्यकता र आकाङ्क्षालाई पूर्ति गर्नु।
१३. न्यून रुपमा रहेको गाउँपालिकाको आन्तरिक आम्दानीलाई बृद्धि गरी संस्थागत तथा भौतिक विकास निर्माणमा लगानी गर्नु।
१४. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने आयमा संकुचन आएको हुदाँ स्रोत व्यवस्थापनमा परेको चापलाई परिपुर्ति गर्नु।
१५. राजश्व बाडफाँड बाफतको रकम निर्धारित सीमा भन्दा कम प्राप्त हुदाँ प्रशासनिक खर्च व्यवस्थापन गर्नु।

**<u>सभा अध्यक्ष महोदय</u>**

अब म आर्थिक वर्ष २०८३/८४ बजेटका उद्देश्य निम्न बमोजिम रहेको अवगत गराउन चाहन्छु।

१६. नागरिकका मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्दै गरिबी तथा बेरोजगारी न्यूनीकरण, रोजगारी सिर्जना र समावेशी आर्थिक विकासलाई प्रवर्द्धन गर्ने।
१७. कृषि तथा पशुपन्छी क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरण गर्दै उत्पादन, उत्पादकत्व, उद्यमशीलता र स्वरोजगार अभिवृद्धि गर्ने।

१८. सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, प्रविधिमैत्री, पारदर्शी, जवाफदेही र सेवाग्राहीमैत्री बनाई सुशासन तथा जनविश्वास अभिवृद्धि गर्ने।

१९. आर्थिक, सामाजिक, भौतिक तथा पूर्वाधार विकासमा सन्तुलित, समन्वयात्मक र दिगो लगानी सुनिश्चित गर्ने।

२०. गुणस्तरीय, प्रविधिमैत्री र सीपमूलक शिक्षाको विकास तथा सबै नागरिकको गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा सुनिश्चित गर्ने।

**सभाअध्यक्ष महोदय,**

अब म यहाँहरू समक्ष आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आयतर्फः**

२१. आगामी आर्थिक वर्षमा कुल आय अनुमान ४१ करोड ७६ लाख ५६ हजार रुपैयाँ आय अनुमान रहेको छ।

२२. आगामी आर्थिक वर्षमा संघीय सशर्त अनुदान मार्फत १७ करोड ५५ लाख, संघीय सरकारबाट समानिकरण अनुदान मार्फत ७ करोड ६५ लाख, संघीय राजस्व बाडफाँड मार्फत ७ करोड ४० लाख ३७ हजार रुपैयाँ, संघीय समपुरक अनुदान १ करोड ५७ लाख, संघीय विशेष अनुदान १ करोड १२ लाख रहेको छ।

२३. प्रदेश सरकारबाट समानिकरण अनुदान ६८ लाख ७५ हजार, प्रदेश विशेष अनुदान ४६ लाख, प्रदेश समपुरक अनुदान १ करोड ८९ लाख ४ हजार, प्रदेश सशर्त अनुदान १ करोड १५ लाख, प्रदेश राजश्व वाँडफाँड अनुदान बाफत २८ लाख ४० हजार रहेको छ ।

२४. यसका साथै गाउँपालिकाको आन्तरिक स्रोत ५० लाख अनुमान गरिएको छ । चालु आ.व. २०८२/०८३ मा गाउँपालिकाको संचित कोषमा बचत हुन सक्ने संशोधित अनुमानित रकम रु१ करोड ५० लाख गरी जम्मा कुल आम्दानी ४१ करोड ७६ लाख ५६ हजार रुपैयाँ अनुमान रहेको छ।

२५. सशर्त अनुदानको सम्बन्धित शिर्षकमा बाँडफाँड भई आएको र निशर्त अनुदान अन्तर्गतका शिर्षकहरुलाई गाउँपालिका स्तरिय कार्यक्रमहरू, सबै वडाहरू र विषयगत क्षेत्रहरूका साथै लक्षित वर्गमा समानुपातिक र समावेशिताको सिद्धान्तका आधारमा न्यायोचित बाँडफाँड गरेको छु।

**व्ययतर्फः**

२६. कुल विनियोजित बजेट मध्ये गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुको संचालन र व्यवस्थापन तथा सेवा प्रवाहलाई सहज र गुणस्तरीय बनाउन प्रशासनिक खर्च तर्फ रू. **८ करोड १८ लाख ७७ हजार** विनियोजन गरेको छु।

२७. संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न आयोजना तथा कार्यक्रमहरूमा गाउँपालिकाको लागत साझेदारी (समपूरक दायित्व) सुनिश्चित गरी प्रभावकारी कार्यान्वयन गर्न समपूरक दायित्वतर्फ रु. **७० लाख ८० हजार ८ सय** विनियोजन गरेको छु।

२८. गाउँपालिका स्तरीय गौरवको आयोजना अन्तर्गत अन्तरपालिका सडक सञ्जालको विकासलाई उच्च प्राथमिकतामा राख्दै जयगढ-छातासैन-स्याउले सडक स्तरोन्नतीका लागि रु. **३७ लाख** बजेट विनियोजन गरेको छु।

२९. स्थानीय सडक पूर्वाधारको स्तरोन्नतिलाई प्राथमिकतामा राख्दै स्थानीय नागरिकको आवागमन सहज हुनुका साथै वडा कार्यालयसम्मको पहुँचमा सुधार गर्न वडा नं. १ अन्तर्गत कोटघर-गाज्रा सडक स्तरोन्नतीका लागि **रु. २० लाख ५० हजार**, विरखम्म देखि बाहुँन गाउँसम्म जोड्ने सडक स्तरोन्नतीका लागि **रु. १९ लाख** तथा सिलाने खोलादेखि ६ नं. वडा कार्यालय सम्मको सडक स्तरोन्नतीका लागि **रु. १० लाख** बजेट विनियोजन गरेको छु।

३०. गाउँपालिकाभित्र सडक पहुँच नपुगेका गाउँ तथा बस्तीहरूमा सडक सञ्जाल विस्तार गरी यातायात पहुँच सुनिश्चित गर्न तथा निर्माण भएका गाम्रीण सडकको स्तरोन्नती अन्तर्गत जयगढ भुँवामाझ सीमखेत सडक निर्माणका लागी **रु. १२ लाख ५० हजार**, धामिगाउ - सान्डिक सडक निर्माणका लागी रु.**७ लाख**, खोलाघर जोगीढुंगा सडक निर्माणका लागी **रु.५ लाख ५० हजार**, ओडबाडा कालागाउ सडक निर्माणका लागी **रु.६ लाख** तथा जनालीकोट पटाकानी सडक स्तरोन्नतीका लागि **रु.५ लाख ५० हजार** विनियोजन गरेको छु।

३१. दुर्गम गाउँ तथा बस्तीका नागरिकको दैनिक आवागमनलाई सहज, सुरक्षित र व्यवस्थित बनाउन गोरेटोबाटो निर्माण, मर्मत तथा स्तरोन्नतिका लागि वडा नं ६ मा पाटेखेत गोरेटो बाटो निर्माणका लागी **रु.५ लाख** तथा काडाकोट सैन गोरेटो बाटो निर्माणका लागी **रु.५ लाख** विनियोजन गरेको छु।

३२. मानवीय संवेदनशीलतालाई मध्यनजर गर्दै यस गाउँपालिकाभित्र दिवंगत हुने व्यक्तिहरूको अन्तिम संस्कारका क्रममा शव व्यवस्थापन तथा महाप्रस्थान यात्रालाई सहज र व्यवस्थित बनाउन शववाहन खरिदका लागि रु. **३० लाख** बजेट विनियोजन गरेको छु।

३३. धार्मिक, सांस्कृतिक तथा सामाजिक सम्पदाको संरक्षण एवं प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै गाउँपालिकाबाट क्रमागत रूपमा बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न भएको जयगढ बीच बजार स्थित सरस्वती मन्दिरको पर्खाल निर्माण र मन्दिर परिसर व्यवस्थापनका लागि **रु. २५ लाख ५० हजार** बजेट विनियोजन गरेको छु।

३४. युवाहरूमा स्वरोजगार, उद्यमशीलता तथा आयआर्जनका अवसर सिर्जना गर्ने उद्देश्यले विगतदेखि सञ्चालन हुँदै आएको अध्यक्ष युवा स्वरोजगार कार्यक्रमलाई यस आर्थिक वर्ष पनि निरन्तरता दिँदै **रु. २३ लाख ५० हजार** विनियोजन गरेको छु।

३५. गाउँपालिका भित्रका स्वास्थ्य संस्थामार्फत नियमित, निःशुल्क तथा आकस्मिक स्वास्थ्य सेवा प्रभावकारी, गुणस्तरीय र सहज रूपमा उपलब्ध गराई नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न **स्वास्थ्य क्षेत्रतर्फ रु. ३३ लाख** विनियोजन गरेको छु।

३६. विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण तथा मर्मत—सम्भार, शिक्षण—सिकाइ वातावरणमा सुधार तथा शैक्षिक गुणस्तर अभिवृद्धि गरी गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न **शिक्षा क्षेत्रतर्फ रु. १ करोड ५० लाख** विनियोजन गरेको छु।

३७. कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण तथा उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि **रु. ३८ लाख** विनियोजन गरेको छु।

३८. पशुपन्छी पालनको प्रवर्द्धन, उत्पादन वृद्धि, पशु स्वास्थ्य सेवा तथा व्यवसायीकरणका लागि **रु. २८ लाख** विनियोजन गरेको छु।

३९. रोजगारका अवसर सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले संघ, प्रदेश तथा अन्य निकायसँगको साझेदारीमा सञ्चालन हुने रोजगार, सीप तथा उद्यमशीलता कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि **रु. १४ लाख रुपैयाँ** विनियोजन गरेको छु।

४०. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक उपशाखामार्फत महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गको सशक्तीकरण, सामाजिक उत्थान, क्षमता तथा सीप विकास, आयआर्जन र उद्यमशीलता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न **रु. १६ लाख** विनियोजन गरेको छु।

४१. खानेपानी तथा सरसफाइ क्षेत्रतर्फ, स्वच्छ, सुरक्षित तथा दिगो खानेपानी सेवाको सुनिश्चितता गर्दै खानेपानी पूर्वाधारको संरक्षण, मर्मतसम्भार तथा विस्तारलाई प्राथमिकता दिएको छु। यसका लागि जयगढ—खालगडा—छातासैन बृहत् खानेपानी आयोजनाको मर्मत सम्भार तथा व्यवस्थापनका लागि **रु. ११ लाख** विनियोजन गरेको छु। साथै, जयगढ बजार आसपासका बस्तीहरूमा उक्त खानेपानी आयोजनाको सेवा विस्तार गरी थप घरधुरीलाई स्वच्छ खानेपानीको

आपुर्ती गर्न भाटबाडा बसौटी कोटघर खानेपानी विस्तार का लागि **रु. ११ लाख** विनियोजन गरेको छु।

४२. गाउँपालिकाभित्र हुन सक्ने प्राकृतिक तथा गैरप्राकृतिक विपद्जन्य घटनाको प्रभावकारी व्यवस्थापन, प्रभावित नागरिकलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन र विपद् व्यवस्थापनसम्बन्धी आवश्यक कार्य सञ्चालन गर्न **रु. १५ लाख** विनियोजन गरेको छु।

४३. बान्नीगढी गाउँपालिकाको प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्य बान्नीगढी क्षेत्रसम्म सहज पहुँच विस्तार गर्ने उद्देश्यले सञ्चालित क्रमागत आयोजना अन्तर्गत बोकेनाउला-बान्नीगढी सडक स्तरोन्नति आयोजनालाई निरन्तरता प्रदान गर्न **रु. ११ लाख** विनियोजन गरेको छु।

४४. यसैगरी वडा नं. १ मा रहेको ऐतिहासिक डौठेगडा मन्दिर परिसर घेरापर्खाल निर्माणका लागि **रु.७ लाख ५० हजार** विनियोजन गरेको छु। त्यसैगरी वडा नं. ६ नगरदर्नामा धवलापुरा कुलदेउता गडेलीखेत मन्दिर निर्माणको लागी **रु. ६ लाख** बजेट विनियोजन गरेको छु।

४५. त्यसैगरी टोल/बस्तीबाट आवश्यकता र औचित्यको आधारमा आयोजनाहरुको प्राथमिकीकरण गरी सबै वर्ग क्षेत्र तथा समुदायलाई प्रतिनिधित्व हुने गरी वडा स्तरीय योजनाहरुका लागि रु.१ करोड ७३ लाख विनियोजन गरेको छु । जसमा वडा नं १, गाँज्रामा २३ लाख ५० हजार, वडा नं २, जनालीकोटमा २३ लाख ५० हजार, वडा नं ३, बरदादेवीमा ३५ लाख ५० हजार, वडा नं ४, तिमिल्सैनमा २३ लाख ५० हजार, वडा नं ५, कालिकामा ३१ लाख ५० हजार र वडा नं ६, दर्नामा ३५ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

४६. वडा नं. १ को सुनारकोट सिँचाइ पोखरी निर्माणका लागि रु.५ लाख ५० हजार विनियोजन गरेको छु। त्यसैगरी वडा नं. २ को मार्सेधारादेखि कालिका थानसम्म सिचाई कुलो निर्माणका लागी रु.५ लाख विनियोजन गरेको छु।

४७. वडा नं. ३ अन्तर्गत देवलदेखि ताम्राकार टोलसम्म पीसीसी सडक निर्माणका लागि रु. ७ लाख तथा वडा नं. ४ अन्तर्गत वडा कार्यालयदेखि अलकनन्दासम्म आरसीसी सडक निर्माणका लागि रु. ९ लाख विनियोजन गरेको छु।

४८. न्यायिक समितिको अधिकार क्षेत्रभित्र पर्ने विवादहरूको निष्पक्ष,प्रभावकारी तथा शीघ्र निरूपण गरी नागरिकलाई सहज न्यायमा पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्थापन तथा कार्यक्रम सञ्चालनका लागि रु. १० लाख ५० हजार विनियोजन गरेको छु।

४९. नागरिक आरोग्य केन्द्रको नियमित सञ्चालन तथा प्रभावकारी व्यवस्थापनका लागि रु. ३ लाख २० हजार विनियोजन गरेको छु।

**<u>सभाअध्यक्ष महोदय,</u>**

५०. यस बजेटले स्थानीय स्तरमा कृषि र पशुपालनमा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै सामाजिक विकास र सामाजिक न्याय सहितको समृद्ध गाउँपालिका निर्माणका लागि आधार तय गर्ने आशा गरेको छु ।

५१. अन्त्यमा, यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने गाउँपालिकाका अध्यक्ष, वडा अध्यक्षज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू, स्थानीयस्तरमा क्रियाशील राजनीतिक दलहरू, समाजसेवी, बुद्धजिवीहरू, पत्रकारबन्धु, महिलादलित अधिकारकर्मी, गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत एवम् सम्पूर्ण कर्मचारीहरु लगायत सरोकारवाला सम्पूर्णमा विशेष धन्यवाद दिन चाहन्छु। "समृद्धिको आधारः बान्नीगढी सरकार" भन्ने यस गाउँपालिकाको नारालाई सार्थक बनाउन सवै गाउँपालिकाबासीको रचनात्मक सहयोगको अपेक्षा गरेको छु।

धन्यबाद।

बिन्दु रावल
उपाध्यक्ष
मिति २०८३।०३।१९

<u>अनुसूची-१</u>

(दफा २ सँग सम्बन्धित)

सञ्चित कोषबाट विनियोजन हुने रकम

| अनुमानित आय तर्फ | | | | अनुमानित व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. स. | शिर्षकको नाम | जम्मा रू. | अक्षरमा | क्र. स. | शिर्षकको नाम | जम्मा रू. | अक्षरमा |
| १ | संघीय सर्शत अनुदान | १७५५००००० | सत्र करोड पच्पन्न लाख मात्र | १ | संघीय सर्शत अनुदानका कार्यक्रम | १७५५००००० | सत्र करोड पच्पन्न लाख मात्र |
| २ | संघीय राजस्व बाडफाड अनुदान | ७४०३७००० | सात करोड चालीस लाख सरतीस हजार मात्र | २ | गाउँपालिका कार्यालयको प्रशासनिक तथा चालु खर्च | ८१८७७००० | आठ करोड अठाह्र लाख सत्हत्तर हजार मात्र |
| ३ | प्रदेश राजस्व बाडफाड अनुदान | २८४०००० | अठ्ठाइस लाख चालीस हजार मात्र | | | | |
| ४ | गा.पा. आन्तरिक स्रोत अनुमान | ५०००००० | पचास लाख मात्र | | | | |
| ५ | संघीय विशेष अनुदान | ११२००००० | एक करोड बाह्र लाख मात्र | ३ | संघीय विशेष अनुदानका कार्यक्रम | ११२००००० | एक करोड बाह्र लाख मात्र |
| ६ | संघीय समपुरक अनुदान | १५७००००० | एक करोड सन्ताउन्न लाख मात्र | ४ | संघीय समपुरक अनुदानका कार्यक्रम | १५७००००० | एक करोड सन्ताउन्न लाख मात्र |
| ७ | प्रदेश समपुरक अनुदान | १८९०४००० | एक करोड उनान्नब्बे लाख चार हजार मात्र | ५ | प्रदेश समपुरक अनुदानका कार्यक्रम | १८९०४००० | एक करोड उनान्नब्बे लाख चार हजार मात्र |
| ८ | प्रदेश सर्शत अनुदान | ११५००००० | एक करोड पन्ध्र लाख मात्र | ६ | प्रदेश सर्शत अनुदानका कार्यक्रम | ११५००००० | एक करोड पन्ध्र लाख मात्र |
| ९ | प्रदेश विशेष अनुदान | ४६००००० | छयालिस लाख मात्र | ७ | प्रदेश विशेष अनुदानका कार्यक्रम | ४६००००० | छयालिस लाख मात्र |

| अनुमानित आय तर्फ | | | | अनुमानित व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. स. | शिर्षकको नाम | जम्मा रू. | अक्षरमा | क्र. स. | शिर्षकको नाम | जम्मा रू. | अक्षरमा |
| १० | संघीय समानीकरण अनुदान | ७६५००००० | सात करोड पैसाठी लाख मात्र | ८ | समपुरक दायित्व | ७०८०८०० | सतरी लाख अस्सी हजार आठ सय मात्र |
| ११ | प्रदेश समानीकरण अनुदान | ६८७५००० | अर्सठ्ठी लाख पचहत्तर हजार मात्र | ९ | विषयगत शाखा तर्फ विनियोजनः | | |
| १२ | आ.व. २०८२।०८३ मा बचत हुन सक्ने रकम | १५०००००० | | १० | स्वास्थ्य शाखा | ३३००००० | तेतीस लाख मात्र |
| १३ | | | | ११ | शिक्षा, युवा तथा खेलकुद शाखा | १५०००००० | एक करोड पचास लाख मात्र |
| १४ | | | | १२ | कृषि विकास शाखा | ३८००००० | अरतीस लाख मात्र |
| १५ | | | | १३ | पशु सेवा शाखा | २८००००० | अठ्ठाइस लाख मात्र |
| १६ | | | | १४ | रोजगार तथा उद्यमशीलता | १४००००० | चौध लाख मात्र |
| १७ | | | | १५ | नागरिक आरोग्य केन्द्र | ३२०००० | तीन लाख बीस हजार मात्र |
| १८ | | | | १६ | खानेपानी तथा सरसफाई शाखा | ११००००० | एघार लाख मात्र |
| १९ | | | | १७ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा (लक्षित वर्ग) | १६००००० | सोह्र लाख मात्र |
| २० | | | | १८ | **वडा कार्यालय तर्फ विनियोजनः** | | |
| २१ | | | | १९ | वडा नं १, गाँज्रा | २३५०००० | तेइस लाख पचास हजार मात्र |
| २२ | | | | २० | वडा नं २, जनालीकोट | २३५०००० | तेइस लाख पचास हजार मात्र |

| अनुमानित आय तर्फ | | | | अनुमानित व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. स. | शिर्षकको नाम | जम्मा रू. | अक्षरमा | क्र. स. | शिर्षकको नाम | जम्मा रू. | अक्षरमा |
| २३ | | | | २१ | वडा नं ३, बरदादेवी | ३५५०००० | पैतीस लाख पचास हजार मात्र |
| २४ | | | | २२ | वडा नं ४, तिमिल्सैन | २३५०००० | तेइस लाख पचास हजार मात्र |
| २५ | | | | २३ | वडा नं ५, कालिका | ३१५०००० | एकतीस लाख पचास हजार मात्र |
| २६ | | | | २४ | वडा नं ६, दर्ना | ३५५०००० | पैतीस लाख पचास हजार मात्र |
| २७ | | | | २५ | जयगढ स्याउले सडक स्तरोन्नती | ३७००००० | सरतीस लाख मात्र |
| २८ | | | | २६ | शववाहन खरिद | ३०००००० | तीस लाख मात्र |
| २९ | | | | २७ | अध्यक्ष युवा स्वरोजगार कार्यक्रम | २३५०००० | तेइस लाख पचास हजार मात्र |
| ३० | | | | २८ | सरस्वती मन्दिर परिसर व्यवस्थापन तथा घेरापर्खाल वडा नं.३ | २५५०००० | पचीस लाख पचास हजार मात्र |
| ३१ | | | | २९ | विपद व्यवस्थापन | १५००००० | पन्ध्र लाख मात्र |
| ३२ | | | | ३० | कोटघर गाङ्रा सडक स्तरोन्नती वडा नं. १ | २०५०००० | बीस लाख पचास हजार मात्र |
| ३३ | | | | ३१ | विरखम्मदेखि बाहुनगाउँ सम्म सडक वडा नं. ५ स्तरोन्नती | १९००००० | उन्नाइस लाख मात्र |
| ३४ | | | | ३२ | बोकेनाउला बान्नीगढी पर्यटन सडक | ११००००० | एघार लाख मात्र |
| ३५ | | | | ३३ | जयगढ भुवाँमाझ सीमखेत सडक निर्माण तथा स्तरोन्नती वडा नं. ३ | १२५०००० | बाह्र लाख पचास हजार मात्र |

| अनुमानित आय तर्फ | | | | अनुमानित व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. स. | शिर्षकको नाम | जम्मा रू. | अक्षरमा | क्र. स. | शिर्षकको नाम | जम्मा रू. | अक्षरमा |
| ३६ | | | | ३४ | भाटबाडा बसौटी कोटघर खानेपानी विस्तार वडा नं. ३ | ११००००० | एघार लाख मात्र |
| ३७ | | | | ३५ | न्यायीक समिति खर्च | १०५०००० | दस लाख पचास हजार मात्र |
| ३८ | | | | ३६ | डौठेगडा मन्दिर परिसर घेरापर्खाल वडा नं. १ | ७५०००० | सात लाख पचास हजार मात्र |
| ३९ | | | | ३७ | अलकन्दा मा.वि सम्म RCC सडक | ९००००० | नौ लाख मात्र |
| ४० | | | | ३८ | ओडबाडा कालागाउ सडक निर्माण वडा नं. २ | ६००००० | छ लाख मात्र |
| ४१ | | | | ३९ | देवल देखि ताम्राकार टोलसम्म पिसिसि सडक निर्माण वडा नं ३ | ७००००० | सात लाख मात्र |
| ४२ | | | | ४० | धामिगाउ सान्डिक सडक निर्माण वडा नं. ३ | ७००००० | सात लाख मात्र |
| ४३ | | | | ४१ | खोलाघर जोगीढुंगा सडक निर्माण वडा नं. ३ | ५५०००० | पाँच लाख पचास हजार मात्र |
| ४४ | | | | ४२ | मैतिबगर बेडुगैरा जोगेना सिचाई कुलो निर्माण वडा नं. ३ | ६००००० | छ लाख मात्र |
| ४५ | | | | ४३ | जनालीकोट पटाकानी सडक स्तरोन्नती वडा नं. २ | ५५०००० | पाँच लाख पचास हजार मात्र |
| ४६ | | | | ४४ | सुनारकोट सिचाई पोखरी निर्माण वडा नं. १ | ५५०००० | पाँच लाख पचास हजार मात्र |
| ४७ | | | | ४५ | गडेलिखेत मन्दिर निर्माण वडा नं. ५ | ६००००० | छ लाख मात्र |

| अनुमानित आय तर्फ | | | | अनुमानित व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. स. | शिर्षकको नाम | जम्मा रू. | अक्षरमा | क्र. स. | शिर्षकको नाम | जम्मा रू. | अक्षरमा |
| ४८ | | | | ४६ | पाटेखेत गोरेटो बाटो निर्माण वडा नं. ६ | ५००००० | पाँच लाख मात्र |
| ४९ | | | | ४७ | सिलानेखोला ६ नं. वडा कार्यालय सडक स्तरोन्नती | १०००००० | दस लाख मात्र |
| ५० | | | | ४८ | काडाकोट सैन गोरेटो बाटो निर्माण वडा नं. ६ | ५००००० | पाँच लाख मात्र |
| ५१ | | | | ४९ | मार्सेधारादेखि कालिका थानसम्म सिचाई कुलो वडा नं. २ | ५००००० | पाँच लाख मात्र |
| ५२ | | | | ५० | सेफहाउस निर्माणका लागी पूँजिगत खर्च | २००००० | दुई लाख मात्र |
| | | | | ५१ | खन्दक देखि कैलाशखोलासम्म सडक निर्माण | ३००००० | तीन लाख मात्र |
| | | | | ५२ | गाउँपालिका स्तरीय आयोजनाहरुका लागी | १३६२४२०० | एक करोड छतीस लाख चौबीस हजार दुई सय मात्र |
| | **जम्मा रकम** | ४१७६५६००० | एकचालीस करोड छहत्तर लाख छपन्न हजार मात्र | | **जम्मा रकम** | ४१७६५६००० | एकचालीस करोड छहत्तर लाख छपन्न हजार मात्र |